# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, जेठ १४ गते २०४७ साल (संख्या ७

## भाग ३

### नेपाल अधिराज्यका
### महान्यायाधिवक्ताको कार्यालयको सूचना

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले जिल्लास्तरीय सरकारी वकील कार्यालयको कामसमेत गर्ने अंचलस्तरीय सरकारी वकील कार्यालय र क्षेत्रीय स्तरीय सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताले सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ बमोजिम गर्नुपर्ने काममध्ये मौका तहकिकात गर्ने, जिल्ला अदालतमा मुद्दा दायर गर्ने, प्रमाण प्रस्तुत गर्ने तथा बहस गर्ने काम गर्ने जिल्ला न्यायाधिवक्ता नभएको वा जिल्ला न्यायाधिवक्ता भएकोमा पनि कार्यालयमा कार्यबोझ बढी भएको अवस्थामा सोही कार्यालयका नायब सुब्बाले र नायब सुब्बा पनि नभएको अवस्थामा सोही कार्यालयका खरिदारले गर्ने गरी तोकेको छ ।

आज्ञाले,
केदारप्रसाद शर्मा
मुख्य न्यायाधिवक्ता

26



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।